## प्रविधि (मेशिन तथा उपकरण) सहयोग कार्यविधि, २०८०

प्रदेश सरकार, मातहतका उद्योग दर्ता गर्ने निकायबाट लघु, घरेलु तथा साना उद्यमीलाई विभिन्न शीर्षकमा प्रविधि सहयोग गर्ने भनी प्रत्येक वर्ष स्वीकृत भएको बजेटबाट उद्योगलाई प्रविधि सहयोग गर्ने सम्बन्धी कार्यलाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउन,

प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो "प्रविधि (मेशिन तथा उपकरण) सहयोग कार्यविधि, २०८०" वनाएको छ।

### परिच्छेद – १

### प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रविधि (मेशिन तथा उपकरण) सहयोग कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्योगी" भन्नाले प्रचलित कानून बमोजिम उद्योग व्यवसाय दर्ता गरी सञ्चालन गरेका उद्योगी वा उद्योगीहरूको समुह समेतलाई सम्झनुपर्छ।

(ख) "उद्योग" भन्नाले ऐन बमोजिम दर्ता भएको लघु, घरेलु र साना उद्योगलाई सम्झनुपर्छ।

(ग) "ऐन" भन्नाले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ लाई सम्झनुपर्छ।

(घ) "दर्ता गर्ने निकाय" भन्नाले मन्त्रालयको उद्योग हेर्ने महाशाखा वा सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय वा मन्त्रालयले उद्योग दर्ता गर्ने निकाय भनी तोकेको निकायलाई सम्झनुपर्छ।

(ङ) "नियमावली" भन्नाले ऐन अन्तर्गत बनेको नियमावलीलाई सम्झनुपर्छ।

(च) "प्रविधि" भन्नाले उद्योग स्थापना, सञ्चालन तथा क्षमता वृद्धिको लागि आवश्यक पर्ने उपयुक्त मेशिन, औजार र उपकरणलाई सम्झनुपर्छ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ ।

(ज) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिलाई सम्झनुपर्छ।

परिच्छेद – २

## निवेदन तथा मूल्याङ्कन

३. **निवेदन माग गर्ने:** (१) दर्ता गर्ने निकायले स्वीकृत वार्षिक बजेटमा तोकिएको प्रविधि सहयोग सम्बन्धी आयोजना/कार्यक्रम अनुसार प्रविधि सहयोग कार्यक्रमबाट लाभ लिनको लागि ईच्छुक उद्योगीबाट प्रविधि मागको निवेदन पेश गर्न अनुसूची -१ बमोजिमको ढाँचामा ३० (तीस) दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालय वा कार्यालयको वेबसाइट भएमा त्यस्तो वेबसाइटमा, कार्यालय सामाजिक सञ्जालमा जोडिएको भएमा सामाजिक सञ्जालमा समेत राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको म्याद भित्र तोकिएको निवेदन दस्तुर सहित अनुसूची-२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्ने निकाय समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश हुने निवेदन तोकिएको म्याद भित्र प्राप्त नभएमा वा तोकिएको कागजात पूरा नगरी पेश भएमा त्यस्तो निवेदन उपर कुनै कारबाही हुने छैन।

(५) उपदफा (१) बमोजिम निवेदन पेश गर्न दिएको समयको अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस्तो सार्वजनिक विदा पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ।

४. **मूल्याङ्कन समिति:** (१) दफा ३ बमोजिम प्राप्त निवेदनको मूल्याङ्कन तथा छनौट गर्नको लागि दर्ता गर्ने निकायमा देहाय बमोजिम एक मूल्याङ्कन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, दर्ता गर्ने निकाय | संयोजक |
| (ख) | प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय सम्बन्धित | सदस्य |
| (ग) | प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय/ प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालय | सदस्य |
| (घ) | दर्ता निकायको प्रमुखले तोकेको कार्यालयमा कार्यरत एक जना कर्मचारी | सदस्य सचिव |

(२) मूल्याङ्कन समितिको बैठकमा उद्योगीको जिल्ला स्थित संघ वा महासंघको अध्यक्ष लाई उद्योग दर्ता गर्ने निकायको प्रमुखले आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ।

(३) उद्योगलाई प्रविधि सहयोग गर्न सक्ने प्रदेश सरकारका जिल्लास्थित कार्यालयको कार्यालय प्रमुखलाई उद्योग दर्ता गर्ने निकायको प्रमुखले आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ।

(४) मूल्याङ्कन समितिको बैठकमा विषय विज्ञताको आवश्यक पर्ने भएमा बढीमा दुई जना सम्म त्यस्तो विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) मूल्याङ्कन समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

५. **मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः** (१) यस कार्यविधि बमोजिम रीतपूर्वक प्राप्त भएका निवेदनको मूल्याङ्कन र छनौट गर्ने।

(२) निवेदनको मूल्याङ्कन गर्दा अनुसूची-३ बमोजिम मूल्याङ्कन गरी अङ्क प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मूल्याङ्कन गरी क्रमश बढी अङ्क प्राप्त गर्ने निवेदनलाई छनौट गरी दर्ता गर्ने निकाय समक्ष प्रतिवेदन सहित पेश गर्नु पर्नेछ।

## परिच्छेद ३

## प्रविधि सहयोग सम्बन्धी प्रक्रिया तथा शर्तहरू

६. **प्रविधि सहयोग सम्बन्धी प्रक्रिया तथा विधिः** (१) दर्ता गर्ने निकायले मूल्याङ्कन समितिबाट प्राप्त प्रतिवेदनको आधारमा उद्योगीले माग गरेको प्रविधि पाँच लाख रुपैयामा नबढ्ने गरी तपसिल बमोजिमको लागत सहभागितामा उपलब्ध गराउनु पर्नेछ।

**लागत सहभागिता**

| क्र.सं. | कूल लागत रकम | उद्योग दर्ता गर्ने निकायको लागत सहभागिता प्रतिशत | उद्योगीको लागत सहभागिता प्रतिशत |
|---|---|---|---|
| १ | रु. २ लाख सम्म | ७५ | २५ |
| २ | रु. २ लाख देखी ३ लाख सम्म | ६० | ४० |
| ३ | रु. ३ लाख देखी ५ लाख सम्म | ५० | ५० |

(२) पाँच लाख रूपैंया भन्दा बढीको प्रविधि माग गरे तापनि प्रविधिको कूल लागत बढीमा पाँच लाख मानी सोही बमोजिम हुने रकम मात्र उद्योग दर्ता गर्ने निकायले सम्झौता अनुसार उद्योग वा प्रविधि विक्रेता/आपूर्तिकर्तालाई बैंक खाता मार्फत भुक्तानी दिनुपर्नेछ।

(३) मूल्याङ्कन समितिले उपलब्ध गराएको प्रतिवेदन बमोजिम प्रविधि पाउने सम्भावित उद्योगीको नाम, ठेगाना, प्रविधिको नाम सोको अनुमानित कूल लागत लगायतका विवरण सहितको दाबी विरोध सम्बन्धमा सात दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ। त्यस्तो सूचना मन्त्रालय वा कार्यालयको वेबसाइट भएमा त्यस्तो वेबसाइटमा, कार्यालय सामाजिक सञ्जालमा जोडिएको भएमा सामाजिक सञ्जालमा समेत राख्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम दाबी विरोध परेमा मन्त्रालयले आवश्यक निर्णय गरी प्रविधि सहयोग कार्यलाई अगाडी बढाउन आदेश दिनु पर्नेछ।

(५) मूल्याङ्कन समितिले सिफारिस गरे बमोजिम बढी अङ्क ल्याउने उद्योगीलाई क्रमशः दर्ता गर्ने निकायले प्रविधि सहयोग कार्यक्रम संचालानार्थ प्रदेश सरकारबाट विनियोजित बजेटको परिधिभित्र रही देहायको प्रक्रिया अनुसार प्रविधि सहयोग सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(क) बढी अङ्क ल्याउने उद्योगीलाई पहिलो प्राथमिकता दिनु पर्नेछ। अन्तिम उद्योगीहरूको अङ्क बराबर भएमा पुरानो उद्योग (दर्ता मिति/ नम्वर) लाई आधार मानेर छनौट गर्नु पर्नेछ।

(ख) उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगीलाई निवेदन दिदाका वखत माग गरेको प्रविधिको स्पेशिफिकेशन सहित सम्झौता गर्न आउनको लागि आह्वान गर्नु पर्नेछ।

(ग) उद्योगीबाट प्राप्त स्पेशिफिकेशन अनुसार उद्योग दर्ता गर्ने निकायले त्यस्तो प्रविधिको न्यूनतम दररेट सहितको लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्नेछ।

(घ) खण्ड (ख) बमोजिमको अवधि भित्र सम्पर्कमा आउने उद्योगीसँग उद्योग दर्ता गर्ने निकायले अनुसूची -४ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ। त्यस्तो सम्झौतामा प्रथम पक्षको तर्फबाट उद्योग दर्ता गर्ने निकायको प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी र दोस्रो पक्षको तर्फबाट उद्योगी स्वंयले सहीछाप गर्नु पर्नेछ।

(ङ) सम्झौता गर्न आउनको लागि गरिएको सूचना अवधि भित्र नआउने उद्योगीको निवेदन स्वतः खारेज हुनेछ र बैकल्पिक योग्यताक्रमको सूचीमा रहेका उद्यमीलाई तीन दिनको समय दिई निवेदन खारेज भएको संख्या अनुसार क्रमश सम्झौता गर्न आउन सूचना दिनु पर्नेछ ।

(च) सम्झौता बमोजिम उद्योगीले तोकिएको अवधि भित्र प्रविधि खरिद गरी खरिद गरिएको प्रविधिको विवरण र सक्कल बिल संलग्न राखी प्रविधि सहयोग बापतको रकम भुक्तानीका लागी उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(छ) उद्योगीले त्यस्तो प्रविधि प्रचलित कानून बमोजिम दर्ता, नवीकरण वहाल रहेको फर्म वा कम्पनी मार्फत खरिद गर्नु पर्नेछ।

(ज) तोकिएको समयावधी भित्र भुक्तानीका लागि निवेदन नदिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो भुक्तानी गर्न बाध्य हुने छैन र त्यस्तो सम्झौता खारेज भई प्रविधि सहयोगको निवेदन स्वतः रद्द हुनेछ।

(झ) खण्ड (च) बमोजिम भुक्तानीका लागी निवेदन प्राप्त भए पश्चात् उद्योग दर्ता गर्ने निकायले स्थलगत अनुगमन गरी उद्योगीबाट पेश भएको स्पेशिफिकेशन बमोजिमको प्रविधि खरिद गरे नगरेको सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्नेछ। अनुगमनको क्रममा उद्योगिबाट खरिद गरिएको प्रविधिमा अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरिएको स्टीकर टाँस गर्नु पर्नेछ।

(ञ) खण्ड (झ) बमोजिम स्थलगत अनुगमन गर्दा पेश गरेको स्पेशिफिकेशन बमोजिम प्रविधि खरिद गरि सोही प्रयोजनका लागि प्रयोग गरेको रहेछ भने उपदफा (१) अनुसार हुन आउने वा सम्झौतामा उल्लेख भएको रकम मध्ये जुन कम हुन्छ सो रकम सम्झौता बमोजिम सम्बन्धित उद्योग वा विक्रेताको बैङ्क खातामा जम्मा गरि दिनु पर्नेछ।

(६) यस कार्यविधिमा जुनसुकै कुराहरू लेखिएको भएतापनि दर्ता गर्ने निकायले प्रदेश सरकारले वार्षिक बजेट स्वीकृत गर्दा जुन समुदाय वा लक्षित समूह वा वर्गको लागि प्रविधि सहयोग गर्ने भनी तोकिएको हुन्छ त्यस्ता कार्यक्रम सोही समुदाय वा लक्षित समुह वा वर्गका उद्योगीबाट मात्र निवेदन माग गरी सोही बमोजिमका निवेदनमाथी मात्र मूल्याङ्कन गरी त्यस्ता समुदाय वा लक्षित समुह वा वर्गले मात्र पाउने व्यवस्थाको सुनिश्चतता गर्नु पर्नेछ।

(७) उद्योग दर्ता गर्ने निकायले प्रविधि सहयोगको लागि स्वीकृत भएको कूल बजेटको बढीमा तीन प्रतिशत रकम छुट्याई उक्त रकम प्रचलित कानून बमोजिम खर्च गर्न सक्नेछन्।

७. <u>प्रविधि अनुदानका शर्तहरु:</u> (१) उद्योगीले यस कार्यविधि बमोजिम प्राप्त प्रविधिको उचित सदुपयोग नगरेमा दर्ता गर्ने निकायले त्यस्तो प्रविधि बापत प्रदान गरिएको रकम बराबर जरिवाना गरी असुल उपर गर्नु पर्नेछ र त्यसरी गरिएको जरिवानाको अभिलेख उद्योग दर्ता गर्ने निकायमा रहेको उद्योग दर्ता कितावमा समेत जानाउनु पर्नेछ।

(२) प्रविधि प्राप्त गरेको मितिले पाँच वर्षसम्म उक्त प्रविधि हक हस्तान्तरण गर्न वा विक्री वितरण गर्न पाइने छैन। सोभन्दा अगावै प्राप्त प्रविधि अरुलाई हक हस्तान्तरण वा विक्री वितरण गरेको पाइएमा प्रचलित कानून बमोजिम उपलब्ध गराइएको प्रविधि वापतको रकम असुल उपर गरिने साथै त्यस्ता उद्योगीलाई यस कार्यक्रमबाट पुनः प्रविधि सहयोग उपलब्ध गराइने छैन। तर कुनै कारणले उद्योगको विक्री वा नामसारी भई गएमा भने वाधा पर्ने छैन।

(३) एक पटक प्रविधि सहयोग गरिएका उद्योगीलाई तीन वर्ष व्यतित नभई पुनः प्रविधि सहयोग गरिने छैन।

## परिच्छेद-४

## <u>अनुगमन, निरीक्षण, मूल्याङ्कन तथा विविध व्यवस्थाः</u>

०८. <u>अनुगमन, निरीक्षण तथा मूल्याइनः</u> (१) यस कार्यविधि अनुसार उपलब्ध गराइने प्रविधिको सदुपयोग भए नभएको सम्बन्धमा दर्ता गर्ने निकायले समय समयमा अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ। त्यसरी गरिएको अनुगमन तथा निरीक्षणको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार निरीक्षण, अनुगमन गर्न गराउन सक्नेछ। र सो सम्बन्धमा दर्ता गर्ने निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ।

अनुसूची - १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

सूचनाको ढाँचा

प्रदेश सरकार

.............................. मन्त्रालय

................. कार्यालय .................

प्रविधि (मेशिन तथा उपकरण) सहयोग प्रस्ताव/ निवेदन आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः ...............................

यस कार्यालयको आ.व. .........../.......... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रचलित कानून बमोजिम दर्ता भई ........... जिल्ला भित्र सञ्चालनमा रहेको लघु/घरेलु/साना उद्योगका उद्योगीहरूले उद्योग स्थापना/सञ्चालन/ क्षमता वृद्धिको लागि आवश्यक पर्ने प्रविधि तपशिल बमोजिमको प्रविधि सहयोग कार्यक्रम अन्तर्गत उद्योगीबाट समेत तोकिएको लागत सहभागिता रहने गरी प्रविधि सहयोग कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागी हुन इच्छुक उद्योगीहरूले निवेदन दस्तुर रु .................(प्रचलित कानूनमा उल्लेख भए अनुसार) सहित प्रविधि (मेशिन तथा उपकरण) सहयोग कार्यविधि, २०८० को अनुसूची - २ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपशिल बमोजिमका कागजात र विवरण सहित प्रस्ताव/ निवेदन दिन हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

<u>प्रविधि सहयोग सम्बन्धी कार्यक्रमहरुः</u>

| क्र.सं. | कार्यक्रमको नाम | सहभागी हुन पाउने समुदाय वा लक्षित समुह वा वर्ग(स्वीकृत वार्षिक कार्यक्रम अनुसार) | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| | | | |
| | | | |
| | | | |

प्रविधि माग गर्दा जुन कार्यक्रमबाट आफुले प्रविधि पाउन योग्य हुने हो सोही कार्यक्रमको लागि प्रस्ताव/निवेदन पेश गर्नु पर्नेछ।

<u>संलग्न गर्नु पर्ने कागजातहरू</u>

१. उद्योग दर्ता, नविकरण अध्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपि,

२. आ.व. ....../....... को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

३. उद्योगीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

६. उद्योगको उद्देश्यसँग तादाम्यता हुने गरी उद्योगीले तालिम लिएको भएमा तालिमको प्रमाणपत्रको प्रतिलिपि,
७. प्रविधि (मेशिन तथा उपकरण) सहयोग कार्यविधि, २०८० बमोजिम संलग्न गर्नु पर्ने कागजात तथा विवरणहरू

नोटः निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस्तो सार्वजनिक विदा पछि कार्यालय खुलेको पहिलो दिन अन्तिम दिन मानिनेछ।

अनुसूची - २

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

निवेदनको ढाँचा

मितिः ........................

श्रीमान् प्रमुखज्यू,

............................................

................................................।

विषयः प्रविधि उपलब्ध गराई पाउँ ।

महोदय,

............ कार्यालयको मिति ............ गतेको प्रविधि सहयोग सम्बन्धि सूचना अनुसार मेरो/ हाम्रो नाममा .................. कार्यालय, ............... मा दर्ता भएको दर्ता नं. ........... दर्ता मिति ........................... को ........................... उद्योग स्थापना/सञ्चालन/ क्षमता वृद्धि / ................ गर्न तँहा कार्यालयले जारी गरेको मिति ....../......./..... को सूचनाको सि.नं. .......... को कार्यक्रमबाट र मेरो/हाम्रो समेत लागत सहभागीमा मेसिन/औजार/उपकरण खरिदका लागी निवेदन दस्तुर वापत रू. ......... (अक्षरेपी ................) राजश्व दाखिला गरेको बैंक भौचर / नगदी रसिद सहित संलग्न विवरण भरी यो निवेदन पेश गरेको छु/छौं ।उपयुक्त प्रविधि सहयोग गरी पाउ।

<u>निवेदकको विवरण</u>

१. उद्योगीको नाम, थर र ठेगनाः

२. उद्योगको नाम, ठेगानाः

३. उद्योगको उदेश्यः

४. उद्योग दर्ता नं. र दर्ता मितिः

५. उद्योगमा लगानी भएको पुँजीः-

(क) स्थिर पुँजीः (ख) चालु पुँजीः (ग) जम्मा पुँजीः

६. उद्योगबाट उत्पादन हुने वस्तुको विवरण (वार्षिक)

७. उत्पादन निर्यात गर्ने/नगर्नेः

निर्यात गर्ने भए गतवर्ष गरेको निर्यातको विवरणः

८. उद्योगले प्रदान गरेको रोजगारी संख्याः

९. उद्योगमा प्रयोग हुने कच्चापदार्थ र श्रोतः

१०. विगत ३ वर्षमा सरकारी निकायबाट प्रविधि खरिदको लागी अनुदान प्राप्त गरे/नगरेकोः

गरेको भए अनुदान दिने निकाय, रकम र मितिः

११. माग गरेको मेसिन/औजार/उपकरणको नाम र अनुमानित लागतः

(क)

(ख)

(ग)

१२. प्रविधिको प्रयोगले उत्पादनमा आउने परिवर्तन

<u>निवेदक</u>

उद्योगको नाम र ठेगनाः

उद्योगी नामः

दस्तखतः

उद्योगको छाप

मितिः

सम्पर्क नं.

<u>अनिवार्य रूपमा संलग्न गर्नु पर्ने कागजातहरु:</u>

- कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- उद्योग दर्ता/ नविकरण प्रमाणपत्र प्रतिलिपि
- PAN दर्ता नं. र कर चुक्ता प्रमाणपत्र(गत आ.व.को) प्रतिलिपि
- तालिम लिएको भए तालिमको प्रमाणपत्रको प्रतिलिपि
- नागरिकाताको प्रतिलिपि
- विगत तीन वर्षमा कुनै सरकारी निकायबाट प्रविधि खरिदका लागी कुनै अनुदान लिएको छैन भनी स्वघोषणापत्र।

❖ नोटः निवेदन पेश गर्दा अगाडी खाममा आफ्नो उद्योगले कुन कार्यक्रमबाट प्रविधि लिने हो सो को विवरण अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

(यो विवरण अनिवार्य रूपमा भर्नु पर्नेछ)

| क्र.सं. | विवरण | कुनै एकमा (√) लगाउने |
|---|---|---|
| १ | **उद्योग सञ्चालनको अवधि(उद्योग दर्ता मितिलाई आधार मानिने)** | |
| | ५ बर्ष भन्दा बढी | |
| | ५ बर्ष भन्दा कम २ बर्षभन्दा बढी | |
| | २ बर्ष भन्दा कम | |
| २ | **उद्योगको प्रकार** | |
| | कृषिमा आधारित प्रशोधन तथा प्याकेजिङ्ग उद्योग, आयत प्रतिस्थापन गर्ने उद्योग, सहकारी वा समुदायद्धारा सञ्चालित उद्योग | |
| | अन्य उद्योग | |
| ३ | **उत्पादनको अवस्था** | |
| | धेरै प्रकारको सामग्री उत्पादन | |
| | एक प्रकारको मात्र सामग्री उत्पादन | |
| ४ | **प्रत्यक्ष रोजगारी सिर्जनाको अवस्था** | |
| | ४ जना वा ४ जना भन्दा बढी भए | |
| | ३ जना भन्दा कम भए | |
| ५ | **कच्चा पदार्थको उपयोग** | |
| | ७० प्रतिशत भन्दा धेरै स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उद्योग(मुल्यलाई आधार मानेर गर्ने) | |
| | माथि उल्लेख भए देखि बाहेकको कच्चा पदार्थ प्रयोग गर्ने उद्योग | |
| ६ | **भौगोलिक क्षेत्र** | |
| | गाँउपालिकामा सञ्चालित उद्योग | |
| | नगरपालिकामा सञ्चालित उद्योग | |
| | उ.म.न.पा/म.न.पामा सञ्चालित उद्योग | |
| ७ | **उद्योग दर्ता** | |
| | महिलाको नाममा दर्ता | |
| | महिला र पुरुषको नाममा संयुक्त दर्ता रहेको | |
| | पुरुषको नाममा दर्ता | |

| | | |
|---|---|---|
| ८ | **प्रविधिको प्रयोग** | |
| | परम्परागत प्रविधिको प्रयोग | |
| | आधुनिक प्रविधिको प्रयोग | |
| ९ | **अनुदान प्राप्तिको अवस्था (स्व घोषणा गर्नु पर्ने)** | |
| | यस अघि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको उद्यमी | |
| | यस अघि सरकारी निकायबाट अनुदान प्राप्त गरेको उद्यमी | |
| १० | **सीपमुलक तालिम(तालिम प्रमाण पत्रको प्रतिलिपि)** | |
| | उद्योगको उद्देश्यसँग तादाम्यता हुने गरी तालिम लिएको उद्योगीद्धारा सञ्चालित उद्योग | |
| | तालिम नलिएका उद्यमीद्धारा सञ्चालित उद्योग | |
| ११ | **उद्योग दर्ता गर्ने उद्यमीको प्रकार** | |
| | अपाङ्ग, आर्थिक एवं सामाजिक दृष्टीले पछाडी परेका सिमान्तकृत समुदाय, एकल महिला, दलित, मधेशी वा आदिवासी जनजातिद्धारा सञ्चालन भएका उद्योग | |
| | माथि उल्लेख गरे देखी बाहेक अन्यले सञ्चालन गरेको उद्योग | |

अनुसूची -३

(दफा ५ को उपदफा (२) सँग सम्वन्धित)

**प्रस्ताव/निवेदन मूल्याङ्कन फारम**

उद्योगको नामः अनुदान कार्यक्रमको नामः

उद्योगको ठेगानाः प्रविधि माग गरेको निवेदन दर्ता नं. र मितिः

उद्योगीको नाम र सम्पर्क नं.

उद्योगको दर्ता नं. र दर्ता मितिः

उद्योगको स्थलगत निरीक्षण गरेको मितिः

| क्र.सं. | मूल्याङ्कनका आधार | प्रदान गरिने अङ्क | प्राप्त भएको अङ्क |
|---|---|---|---|
| १ | **उद्योग सञ्चालनको अवधि** | १० | |
| | ५ बर्ष भन्दा बढी | १० | |
| | २ बर्ष भन्दा बढी ५ बर्षभन्दा कम | ८ | |
| | २ बर्ष भन्दा कम | ५ | |
| २ | **उद्योगको प्रकार** | १० | |
| | कृषिमा आधारित प्रशोधन तथा प्याकेजिङ्ग उद्योग, आयत प्रतिस्थापन गर्ने उद्योग, सहकारी वा समुदायद्धारा सञ्चालित उद्योग | १० | |
| | अन्य उद्योग | ५ | |
| ३ | **उत्पादनको अवस्था** | १० | |
| | धेरै प्रकारको सामग्री उत्पादन | १० | |
| | एक प्रकारको मात्र सामग्री उत्पादन | ५ | |
| ४ | **प्रत्यक्ष रोजगारी सिर्जनाको अवस्था** | १० | |
| | ४ जना वा ४ जना भन्दा बढी भए | १० | |
| | ३ जना भन्दा कम भए | ५ | |
| ५ | **कच्चा पदार्थको उपयोग** | १० | |
| | ७० प्रतिशत भन्दा धेरै स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उद्योग(मुल्यलाई आधार मानेर गर्ने) | १० | |
| | माथि उल्लेख भए देखि बाहेकको कच्चा पदार्थ प्रयोग गर्ने उद्योग | ५ | |
| ६ | **भौगोलिक क्षेत्र** | १० | |

| | | | |
|---|---|---|---|
| | गाँउपालिकामा सञ्चालित उद्योग | १० | |
| | नगरपालिकामा सञ्चालित उद्योग | ८ | |
| | उ.म.न.पा/म.न.पा मा सञ्चालित उद्योग | ५ | |
| ७ | **उद्योग दर्ता** | १० | |
| | महिलाको नाममा दर्ता | १० | |
| | महिला र पुरुषको नाममा संयुक्त दर्ता रहेको | ८ | |
| | पुरुषको नाममा दर्ता | ५ | |
| ८ | **प्रविधिको प्रयोग** | १० | |
| | परम्परागत प्रविधिको प्रयोग | १० | |
| | आधुनिक प्रविधिको प्रयोग | ८ | |
| ९ | **अनुदान प्राप्तिको अवस्था** | ५ | |
| | यस अघि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको उद्यमी | ५ | |
| | यस अघि सरकारी निकायबाट अनुदान प्राप्त गरेको उद्यमी | ३ | |
| १० | **सीपमुलक तालिम** | ५ | |
| | उद्योगको उद्देश्यसँग तादाम्यता हुने गरी तालिम लिएको उद्योगीद्धारा सञ्चालित उद्योग | ५ | |
| | तालिम नलिएका उद्यमीद्धारा सञ्चालित उद्योग | ३ | |
| ११ | **उद्योग दर्ता गर्ने उद्यमीको प्रकार** | ५ | |
| | अपाङ्ग, आर्थिक एवं सामाजिक दृष्टीले पछाडी परेका सिमान्तकृत समुदाय, एकल महिला, दलित, मधेशी वा आदिवासी जनजातिद्धारा सञ्चालन भएका उद्योग | ५ | |
| | अन्यले सञ्चालन गरेको उद्योग | ३ | |
| १२ | **अनुगमन कर्ताले अनुगमनको क्रममा देखिएको भौतिक अवस्था, सरसफाइ, औद्योगिक वातावरण लगायतको विषयमा मूल्याङ्कन गरि ठहराएको अवस्था** | ५ | |
| | अति उत्तम | ५ | |
| | उत्तम | ३ | |
| | साधारण | २ | |
| | **जम्मा अङ्क** | १०० | |

नोटः उल्लेखित मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्दा सवै भन्दा बढी अङ्क प्राप्त गर्ने उद्योगहरूलाई क्रमश छनोट गर्नु पर्नेछ।

निरीक्षणमा जाने समिति तथा कर्मचारीको नाम, पद र दस्तखतः

...............................................................................

..............................................................................

..............................................................................

निरीक्षणको क्रममा स्थानिय प्रतिनिधि उपस्थित भएको भए नाम पद र दस्तखतः

.............................................................................

अनुसूची- ४

(दफा ७ को उपदफा (४) को खण्ड (घ) सँग सम्बन्धित)

**प्रविधि सहयोग सम्झौता**

लिखितम् ..................... जिल्ला .................. म.न.पा./उ.न.पा/न.पा/ गा.पा. वडा नं. ......... बस्ने श्री ................................ को ................ उद्योग (दर्ता नं. .......... दर्ता मिति ....... .........) ले .......... ........... कार्यालय, ......... वाट निम्न विवरणको मेसिन/औजार/उपकरण खरीदका लागि कुल लागत रु ..............(अक्षरेपी ..............) मध्ये रु ............... (अक्षरेपी .................) उद्योगले प्राप्त गर्ने गरी छनोट भएकोले प्रविधि सहयोग सम्बन्धी कार्यविधि, २०८० बमोजिम उक्त प्रविधि (मेसिन/औजार/उपकरण) प्रचलित कानून बमोजिम दर्ता नविकरण भएको फर्म वा कम्पनीबाट खरिद गरी नियमानुसार उद्योग/ प्रविधि विक्रेताको वैक खाताको माध्यमबाट भुक्तानीको लागी मिति .................. भित्र प्रविधिको विवरण र सक्कल विल पेश गर्नेछु। मैले बुझेका मेसिन/औजार/उपकरण उद्योग व्यवसायको प्रवर्द्धन र विस्तारमा प्रयोग गर्नेछु।प्रविधिको उचित सदुपयोग नभएमा वा नगरेमा सो मेसिन/औजार/उपकरण वापत मरो उद्योगलाई प्रदान गरिएको रकम बराबर जरिवाना तिर्न मन्जुर छु । साथै उक्त मेसिन/औजार/उपकरण प्रविधि सहयोग भएको मितिले पाँच वर्षसम्म कसैलाई पनि बिक्री वितरण वा हक सहयोग गर्ने छैन र आगामी तीन वर्षसम्म पुनः प्रविधि खरिद/सहयोगको लागि आवेदन पेश गर्ने छैन। यो सम्झौता विपरित गरेमा नियमानुसार प्राप्त अनुदान वापतको रकम फिर्ता समेतको कारबाही व्यहोर्न राजी छु भनी यो सम्झौतामा सहीछाप गरिदिएँ ।

प्रविधि सहयोग कार्यक्रमबाट खरिद गर्ने प्रविधिको विवरण

| क्र.सं. | प्रविधिको नाम | परिमाण | प्रति इकाई दर | जम्मा मुल्य | उद्योग दर्ता गर्ने निकायले व्यहोर्ने प्रतिशत र मुल्य | उद्योगीले व्यहोर्ने प्रतिशत र मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

उद्योग तर्फबाट
उद्योगिको दस्तखतः
नाम, थरः
उद्योगको नामः
मितिः
छापः

साक्षीः १

उद्योग दर्ता गर्ने निकायको तर्फबाट
कर्मचारीको दस्तखतः
नाम, थरः
पदः
मितिः
छापः

साक्षी -१

अनुसूची -५

(दफा ६ को उपदफा (४) को खण्ड (झ) सँग सम्वन्धित)

<u>स्टीकरको ढाँचा</u>

.................. ..................... कार्यालय

.........................., .............

कोशी प्रदेश

प्रविधिको नामः ....................................
प्रविधिको कुल लागत रु ..............................
कार्यालयको लागत सहभागिता प्रतिशतः ..........
उद्योगिको लागत सहभागिता प्रतिशतः...........
प्रदान गरिएको आ.व.: ......../.........

नोटः- स्टीकर टाँस गर्दा प्रविधि (मेशित तथा उपकरण) को अगाडीको भागमा प्रष्ट देखिने गरी टाँस्नु पर्नेछ ।